का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ असार २०८०,
सोमबार
19 June 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १४४ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# प्रचण्डले गरेको शक्ति सञ्चय

३२ सिटको नेतृत्व गरिरहेका प्रचण्डले १४ सिटको जसपा र १० सिटको एकीकृत समाजवादीसँग समेत मोर्चाबन्दी गरेपछि ५६ सिट होल्ड गर्ने भएका छन् । जुन सरकार बनाउनका लागि निर्णायक संसदीय अंकगणित हो ।



देशभक्त, वाम, लोकतान्त्रिक र समाजवादी शक्तिहरुलाई मिलाएर बनाइएको समाजवादी मोर्चा वैचारिक हुनेछ ।

**माधवकुमार नेपाल**
अध्यक्ष, एकीकृत समाजवादी



मोर्चा प्राप्त राजनीतिक परिवर्तनलाई स्वीकार गर्दै संविधानको रक्षा र सफल कार्यान्वयन गर्ने सामूहिक प्रतिबद्धता हो ।

**लेखनाथ दाहाल**
नेता, नेकपा माओवादी केन्द्र

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ असार ।

लामो समयदेखि चर्चा गर्दै आएको समाजवादी मोर्चा गठनका लागि खाका तयार भएको छ । सोमबार मोर्चा गठनको औपचारिक घोषणा हुने जनाइएको छ । सत्तामा रहेका तीन दल नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) र संसदीय राजनीति बाहिर रहेको नेत्र विक्रम चन्द्र विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मिलेर समाजवादी मोर्चा बनाइएको हो । यो सँगै प्रधानमन्त्री प्रचण्ड झन बलियो भएका छन् ।

३२ सिटको नेतृत्व गरिरहेका प्रधानमन्त्री प्रचण्डले १४ सिटको जनता समाजवादी पार्टी (जसपा) र १० सिटको एकीकृत समाजवादीसँग समेत मोर्चाबन्दी गरेपछि ५६ सिट होल्ड गर्ने भएका छन् । जो सरकार बनाउनका लागि निर्णायक संसदीय अंकगणित हो ।

समाजवादी मोर्चा नेपालले १५ बुँदे प्रतिबद्धता समेत तय गरेको छ । संयुक्त प्रतिबद्धता पत्रको मस्यौदामा संघीयता, लोकतन्त्र, सुशासन, समृद्धि र सामाजिक आर्थिक न्यायसहितको नेपाली विशेषताको समाजवाद स्थापना गर्नु मोर्चाको प्रमुख उद्देश्य हुने उल्लेख छ । त्यस उद्देश्य प्राप्तिका लागि १५ बुँदे वैचारिक एवम् राजनीतिक प्रतिबद्धता अगाडि सारिएको छ । जसअनुसार संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको विशेषताहरू पहिचान गरी समाजवादको नेपाली बाटो तय गर्ने मस्यौदामा उल्लेख छ ।

नेपालमा सदियौँदेखि कायम रहिआएको वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैंगिक र जात व्यवस्थाजन्य शोषण, उत्पीडन, असमानता र विभेदहरू अन्त्य गर्ने पनि मस्यौदामा उल्लेख छ । त्यसका लागि निरन्तर जनपहल र जनदबाब सृजना गर्ने, मानव विकास सूचाङ्कमा पछाडि परेका मधेस, कर्णाली र सेती-महाकालीलगायत पिछडिएको क्षेत्र र जनताको विकास र अवसरलाई विशेष प्राथमिकतामा राख्ने उल्लेख गरिएको छ ।

यसैगरी राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिकरूपले बहिष्करणमा परेका वा पारिएका मधेसी, आदिवासी, जनजाति, खस, दलित, मुस्लिम, थारु, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदाय, विपन्न वर्ग लगायतका सीमान्तकृत समुदायहरूको पहिचानको मान्यता, समावेशीकरण र सामाजिक न्यायको प्रत्याभूति गराउने कार्य अगाडि बढाउने विषय पनि मस्यौदामा उल्लेख छ ।

वित्तीय एकाधिकार तथा दलाल पुँजीवादको शोषण र हस्तक्षेपबाट मुक्त तथा सार्वजनिक, सहकारी र निजी क्षेत्रको समन्वयात्मक, सहकार्यात्मक र क्रियाशील भूमिकाका आधारमा समाजवादी अर्थ-राजनीतिक व्यवस्था अवलम्बन गर्ने प्रतिबद्धतामा उल्लेख छ । प्रगतिशील कर प्रणाली लागू गर्ने, देशको अर्थ व्यवस्थामा नीतिगत तथा संरचनागत सुधार गरी उत्पादनमुखी अर्थतन्त्र, आपूर्ति व्यवस्थामा सुधार तथा समन्यायिक वितरणको व्यवस्था गर्ने पनि मस्यौदाको

पृष्ठ २ मा

## आलोपालो नेतृत्व

सोमबार घोषणा हुने चार दल सम्मिलित समाजवादी मोर्चामा सहभागी दलका अध्यक्षले आलोपालो नेतृत्व गर्ने भएका छन् । साथै, मोर्चालाई प्रदेश तथा जिल्ला हुँदै स्थानीय स्तरमै विस्तार गरेर लैजाने प्रस्ताव गरिएको छ। मोर्चा घोषणाका लागि कार्यदलले प्रस्ताव गरेको घोषणापत्रमा मोर्चाको नीतिगत निर्णय गर्न सदस्य दलहरूको अध्यक्ष सहित तोकिएका प्रतिनिधिहरू रहेको एक संयोजन समिति गठन गर्ने प्रस्ताव गरिएको छ ।

उक्त समितिले आवश्यकताअनुसार उपसमितिहरू गठन गरी क्षेत्राधिकार तोक्न सक्ने अधिकार दिइने छ । 'समितिले समान उद्देश्य, नीति, कार्यक्रम बोकेर मोर्चाका अवधारणालाई समर्थन गर्ने राजनीतिक दलहरूसँग वार्ता गरी यस मोर्चामा सामेल गर्न सक्ने छ', प्रस्तावित मस्यौदामा भनिएको छ, 'यो मोर्चालाई आवश्यकताअनुसार प्रदेश र स्थानीय तहसम्म विस्तार गरिने छ ।'

त्यस्तै मोर्चाले तय गरेको नीति, योजना र कार्यक्रमहरूको कार्यान्वयन र अनुगमनका साथै दैनिक कार्य सञ्चालन गर्न एक सचिवालय गठन गर्ने र सदस्य दलहरूबाट तोकिए बमोजिमका

पृष्ठ २ मा



**किसानको पीडा**

गोलभेंडाले उचित मूल्य नपाएको र बजारमा नबिकेको भन्दै किसानले आइतबार कालिमाटी तरकारी तथा फलफूल बजारको द्वार अगाडि सडकमा फालेको गोलभेंडा । तस्बिर : हरिराम भेटुवाल/रासस

# बाढीपहिरोले पूल र सडकमा लगानीभन्दा बढी क्षति

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ असार ।

मनसुन सुरु भएसँगै आउने वर्षेनीको बाढीपहिरोले सडक, पुल र भवनमा ठूलो क्षति पुर्‍याउन थालेको छ । कतिपय स्थानमा भौगोलिक बनावटलाई मध्यनजर नगरि संरचना बनाउँदा क्षति पुगेको छ भने धेरै स्थानमा पहिरो खसेर वा बाढी पसेर अर्बौको परियोजना भत्किएका छन् । केही दिनअघि कोशी प्रदेशमा आएको सडक र पुलमा मात्रै ५० करोडको पुगेको छ । ताप्लेजुङ, संखुवासभा, पाँचथर र तेह्रथुममा आएको बाढी पहिरोले बेलिब्रिज र सडकमा ठूलो क्षति पुगेको भौतिकमन्त्री प्रकाश ज्वालाले जानकारी दिएका हुन् ।

'कोशी प्रदेशका केही जिल्लाहरूमा आएको बाढी र पहिरोल सडक र पुलमा मात्रै ५० करोडको क्षति पुगेको देखिन्छ, बेलिब्रिज निर्माण नभएसम्म सतहबाट नै डाइभर्सन बनाएर भएपनि यातायात खुलाउने गरी काम सुरू भइसकेको छ' मन्त्री ज्वालाले भने । उनले देशको भौगोलिक बनावटकै कारण वर्षेनी अर्बौका योजनाहरुमा क्षति हुनेगरेको बताएका हुन् ।

तथ्यांक अनुसार मनसुनी वर्षाका कारण बाढी पहिरोले २ अर्ब १६ करोड रुपैयाँ बराबरको राजमार्गका सडक र पुलमा क्षति भएको थियो । त्यस्तै, १४ हजार ९ सय १३ किमी लम्बाइका ८० वटा राजमार्गमा १ सय भन्दा धेरै स्थानमा बाढी पहिरोले सडक अवरुद्ध भएको सडक विभागको तथ्यांकले देखाउँछ ।

'जथाभाबी शाखा सडक निर्माण, भारी वर्षा, पहिरो, कमजोर भूबनोट, जलवायु परिवर्तन आदी कारणबाट सडक अवरुद्ध हुने गरेको छ, फेरि हामीसँग पूर्वतयारी योजना छैन, पूर्वयोजना छैन, जोखिम न्युनीकरण योजना छैन, राहत वितरणका लागि हामी उद्धत छौँ, हामीसँग त्यसका लागि पैसा समेत छ, स्रोत छ, कोष समेत छ । राहत र उद्धारमा मात्रै केन्द्रित छौँ' प्रकोपविद् डा. धर्मराज उप्रेतीले भने । उनले जोखिममा रहेका बस्तीलाई स्थानान्तरण गरेर सो स्थानमा पुल, बाटो बनाउन रोक्नुपर्ने बताएका छन् ।

वर्षाका कारण देशभरका राजमार्ग अन्तर्गत पर्ने विभिन्न सडक खण्ड र पुलहरू क्षतिग्रस्त भएकोले पुनः निर्माण गर्न र सडक स्तरोन्नति गरी तत्काल यातायात सुचारु गर्ने व्यवस्था मिलाउन मन्त्रालयले पुन निर्देशन दिईसकेको छ । तर, जोखिम कम गर्ने र धेरै जोखिमयुक्त वस्तीलाई स्थानान्तरण गरेर सो स्थानमा पुल र बाटो निर्माण बन्द गर्ने कार्यमा भने सरकार वर्षेनी चुकेको देखिन्छ ।

## प्रेस विज्ञप्ति

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई सहज ढंगले वैदेशिक रोजगारीमा जानका लागि निजी क्षेत्रसँग सहकार्य गर्दै वैदेशिक रोजगार ऐन-२०६४, नियमावली र विद्यमान कानूनको पक्रिया पूरा गरेका इजाजतपत्र प्राप्त रेमिट्यान्सको संवाहक करिब ९०० व्यवसायीहरुले रु. २ करोडदेखि ६ करोडसम्म धरौटी राखी विश्वभर रोजगारीमा पठाउने कार्य गर्दै आएका छन् । वैदेशिक रोजागारमा गएका श्रमिक दाजुभाइ दिदीबहिनीले पठाएको विप्रेषणले देशको अर्थतन्त्रमा २९ प्रतिशत योगदान गरेको सर्वविदितै छ। स्वदेशमा पर्याप्त रोजगारी सिर्जना नभएका कारण वैदेशिक रोजगार बाध्यात्मक र आवश्यकता रहेको छ। वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स अर्थतन्त्रको मेरुदण्डको रुपमा स्थापित भएको छ । कोभिड-१९ पछिको बेरोजगारीको चापले अझ यसको आवश्यकता बढेको छ। बेरोजगार युवाहरुको फाइदा उठाउँदै केही विचौलियाहरुले मानिसहरुलाई विभिन्न देशमा आकर्षक तलब सुविधा पाउने झुटो आश्वासन दिई प्रलोभनमा पारी नक्कली कागजपत्र बनाई भ्रमणका लागि विदेश जान लिइने Visit Visa मा विदेश लाने गरेको कुरा लामो समयदेखि सुनिँदै आएको र Visit Visa मा जाने क्रम अहिले झनै धेरै वृद्धि भएको साथै वैदेशिक रोजगार ऐन २०६४ (संशोधनसहित) मा रोजगारका लागि विदेशमा काम गर्न चाहने व्यक्तिले व्यक्तिगत प्रयास र पहलमा विदेशमा रोजगारी खोजेर जान चाहेमा व्यक्तिगतरुपमा श्रम स्विकृति लिनुपर्ने र व्यक्तिगतरुपमा श्रम स्वीकृति लिन अभिमुखीकरण तालिम लिनुपर्ने, स्वास्थ्य परीक्षण गराउनुपर्ने, सामाजिक सुरक्षा कोष र वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गर्नुपर्ने व्यवस्था छ, सोही व्यवस्थालाई टेकेर गैर व्यवसायीहरुको संलग्नतामा ठूलो संख्यामा व्यक्तिगत श्रम स्वीकृति दिलाएर असुरक्षित अवैधानिक तवरले वैदेशिक रोजगारीमा पठाउन थालेको भन्ने विषय विभिन्न अनलाइन समाचार, पत्र पत्रिका, रेडियो, टेलिभिजन र सार्वजनिक सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा आइरहेका छन् । यस्तो क्रम निरन्तररुपमा बढिरहेको कुरा विगतदेखिको तथ्यांक हेरिएमा समेत स्पष्ट हुन्छ । यस प्रकार गएका कामदारका कारण सिंगो वैदेशिक रोजगार व्यवसाय र व्यवसायीलाई अनावश्यक दोषारोपण आइरहेको छ भने समयमा मागपत्र प्रमाणीकरण नहुनुको फाइदा उठाउँदै व्यक्तिगत स्वतन्त्रता अन्तर्गत वैदेशिक भ्रमणमा जान पाउने अधिकारलाई व्यवस्थित गर्न निश्चित मापदण्ड पूरा गरिसकेपश्चात मात्र विदेश भ्रमणका लागि अनुमति प्रदान गर्न, वैदेशिक रोजगारलाई व्यवस्थित गर्न २०७० सालमा तत्कालीन श्रम, रोजगार तथा यातायात मन्त्रालयबाट सचिवस्तरीय रोजगारदाता मुलुकहरुको स्थलगत भ्रमण प्रतिवेदनका आधारमा एकाघरका नाता खुल्ने व्यक्तिबाहेक व्यक्तिगत श्रम स्वीकृति नदिने निर्णयको नजिरलाई टेकी कडाइका साथ लागू गर्न र यस्ता खालका बेथितिलाई रोक्न, संस्थागतरुपमा वैदेशिक रोजगारलाई व्यवस्थित गर्नका लागि मागपत्र प्रमाणीकरणलाई सहज बनाउन श्रम, रोगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्दै विचौलियालाई रोक्नका लागि गृह मन्त्रालयको ध्यानाकर्षण गराउँदै नेपाल वैदेशिक रोजगार व्यवसायी संघ यसै विज्ञप्तिमार्फत सम्बन्धित सबै सरोकारवाला निकायसँग जोडदार माग गर्दछ ।

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८,९८०१०९७८८८२

## वैदेशिक रोजगार विशेष

# विभागद्वारा म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण शुरु

## अनलाइनबाट निवेदन दिन आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार

वैदेशिक रोजगार विभागले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्न शुरु गरेको छ। विभागले इजाजतपत्र नवीरकरण गर्न चाहने वैदेशिक रोजगार व्यवसायीलाई वैदेशिक रोजगार ऐन तथा नियमावलीले अनिवार्य गरेका कागजातसहित अनलाइनमार्फत निवेदन दिन आग्रह गरेको छ ।

विभागले इजाजतपत्र नवीरकण गर्न चाहने वैदेशिक रोजगार व्यवसायीहरुलाई निवेदनका साथमा नवीकरण दस्तुर बुझाएको भर्पाइ, इजाजतपत्रको अगाडि पछाडिको प्रतिलिपि, कम्पनी दर्ताको प्रमाणपत्र, आयकर दर्ताको प्रतिलिपि, गत आर्थिक वर्षको कम्पनी अध्यावधिक, गत वर्षको कर बुझाएको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने बताएको छ ।

त्यसैगरी आर्थिक वर्ष २०७९/०८० मा पूर्व श्रम स्वीकृति लिएको संख्या, अन्तिम श्रम स्वीकृति लिएको संख्या, पठाएका कामदारको संख्या, आर्थिक वर्ष २०७८/०७९ मा कम्तीमा एक सय जना कामदार पठाएको विवरण, आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन, कम्तीमा एक वर्ष अवधि बाँकी रहेको बैंक ग्यारेन्टी पत्रलगायतका कागजपत्रसहित पेस गरिएका कागज ठिक साँचो हो, झुटा ठहरिए कानूनबमोजिम सहुँला बुझाउँला भनी सहीछाप गरी असार मसान्तसम्म अनलाइनमार्फत पेस गर्न सूचनामा उल्लेख छ ।

विभागमा दर्ता रहेका ८ सय ९० म्यानपावर कम्पनीमध्ये करिब एक चौथाइ म्यानपावर कम्पनीले नवीकरणका लागि आवश्यक पर्ने वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिइनसकेको बताइएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले वार्षिक सय जना कामदारको श्रम स्वीकृति नलिएको आधारमा यस वर्ष इजाजतपत्र नवीकरण नहुने अवस्था नआउने बताएका छन् ।

ऐनमा रहेको वार्षिक सय जना कामदार पठाउनुपर्ने व्यवस्था हटाउन केही नेपाल ऐनलाई संशोधनका लागि सरकारले अघि बढाएको विधेयकमा प्रावधान राखिएको भन्दै अध्यक्ष भण्डारीले विधेयक पास भएमा स्थायीरूपमै समाधान आउने र त्यो सम्भव नभए अघिल्ला चार आर्थिक वर्ष म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न लिइएको मापदण्डको आधारमा मन्त्रिपरिषद्ले

पृष्ठ २ मा

# राजनीतिक खिचातानीले अस्तव्यस्त नगर अस्पताल

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ असार

देवाहीगोनाही नगरपालिकामा रहेको नगरस्तरीय अस्पताल नगरप्रमुख प्रेमलाल साह र स्वास्थ्य संयोजक नागेन्द्र कुशवाहाको कारण अस्तव्यस्त बनेको उपप्रमुख परनिया देवी पटेलले आरोप लगाएकी छिन्। आइतबार पत्रकारहरुसँग कुरा गर्दै उनले अस्पताल सञ्चालन गर्न नगरसभाबाट बजेट छुट्टयाएपनि ती दुई जनाको कारणले आम जनसमुदायले सेवा सुविधा पाउनबाट बञ्चित भएको बताइन्। अस्पताल सञ्चालन गर्न नगरसभाबाट १ करोड बजेट छुट्टयाएको उपमेयर पटेलको भनाइ छ। उनले भनिन्, 'हामीले बजेट पास गऱ्यौं। त्यो बजेटबाट सामान खरिद गर्ने देखि औषधी खरिद गर्ने काम स्वास्थ्य संयोजकको हो। तर उनले आफ्नो जिम्मेवारीबाट पन्छिएपछि यस्तो अवस्था हुन पुगेको छ।' अस्पताल सञ्चालनको लागि छुट्टयाइएको बजेटमा पनि हिनामिना भएको हुन सक्ने उनको दाबी छ।

उनले थपिन्, 'बजेट छुट्टयाउने जनप्रतिनिधिले हो तर कसरी सञ्चालन गर्ने, सामान खरिद गर्ने, त्यो सबै जिम्मेवारी कर्मचारीको हो। कर्मचारी नै आफ्नो कामबाट पछाडि हटेपछि अस्तव्यस्त हुनु स्वभाविक हो। तर त्यसको दोष ममाथि लगाउनु गलत छ।' अस्पतालको समग्र समस्याको बारेका कार्यपालिकाको बैठकमा आफूले आवाज उठाउने पनि उनले बताइन्। देवाहीगोनाहीको नगरस्तरीय अस्पताल अस्तव्यस्तको कारण जनशक्ति नै छैनन्। औषधीको अभाव छ। जनशक्ति नहुँदा भिडियो एक्सरे चल्न सकेको छैन्। अस्पताल सञ्चालन गर्न करोडौं बजेट छुट्टयाइयो तर त्यसको कुनै लेखाजोखा नै छैन्। अस्पतालको यस्तो अवस्था भएपछि सेवाग्राही भने मारमा परेका हुन्।

अस्पतालमा जेनेरेटर नहुँदा टर्च बालेर प्रसूति सेवा दिनु परेको अस्पतालका इन्चार्ज आनन्द पटेलले बताए। आफूले पटक-पटक नगरपालिकाको स्वास्थ्य शाखामा यहाँका समस्याको बारेमा अवगत गराएपनि कसैले ध्यान नदिएको गुनासो गरेका छन्।

यता यस विषयमा स्वास्थ्य संयोजक नागेन्द्र कुशवाहासँग बुझ्दा आफूमाथि लगाएको आरोपको खण्डन गरेका छन्। नगरपालिका नै अस्तव्यस्त भएपछि यस्तो अवस्था हुन पुगेको उनको भनाइ छ।

नगरप्रमुख प्रेमलाल साहले आफूहरुले छुट्टयाएको १ करोड बजेट कहाँ-कहाँ खर्च भयो, त्यो सम्बन्धी कुनै जानकारी नरहेको बताए। प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्र साहले आफ्नो मनलाग्दी तरिकाले खर्च गरेको हुन सक्ने उनको अनुमान छ। यसबारे कार्यपालिका बैठकमा छलफल गर्ने बताए।

# १७ जिल्लामा फैलियो दादुरा

**काठमाडौं/मस-** दादुरा संक्रमणबाट १७ जिल्ला प्रभावित भएका छन्। परिवार कल्याण महाशाखाकाअनुसार कालिकोटमा पनि दादुरा संक्रमण पुष्टि भएसँगै दादुरा प्रभावित जिल्लाको संख्या १७ पुगेको हो। कालिकोटको खाँडाचक्र नगरपालिकामा दादुरा ९ जना दादुराका शंकास्पद बिरामी भेटिएपछि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा उनीहरुको स्वाब परीक्षण गरिएको थियो। परीक्षणका क्रममा ३२ जेठमा ४ जनामा बिरामीमा दादुरा पुष्टि भएको महाशाखाले



जनाएको छ। उनीहरुको उमेर ६ महिनादेखि ३७ वर्षसम्म रहेको छ।

यसअघि यही आर्थिक वर्षमा मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, चितवन, काठमाडौं, कपिलवस्तु, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा मा दादुरा प्रकोप देखिइसकेको छ। महाशाखाकाअनुसार हालसम्म कुल १०२१ दादुराका बिरामी भेटिएका छन् र बाँकेको नेपालगञ्जमा दादुराबाट एक जनाको मृत्यु भएको छ।

# थप ६ दिन म्याद थप

**काठमाडौं/मस-**वान एक्स बेटमा संलग्न भएको आरोपमा पक्राउ परेका कलाकार र यूट्यूवरहरूलाई थप ६ दिन थुनामा राख्न काठमाडौं जिल्ला अदालतले अनुमति दिएको छ। यूट्यूबमा वन एक्स बेटको विज्ञापन गरेको भन्दै उनीहरूलाई ४ दिन थुनामा राखेर अनुसन्धान गर्ने समय दिएको थियो। तर आइतबार पनि अदालतले अनुसन्धानका लागि समय थप गरेको छ।बिहीबार पक्राउ परेका हाँस्य कलाकारमा बल्छी धुब्रे अर्थात् मरिचमान श्रेष्ठ, राजुमास्टर अर्थात् राजु पौडेल, म्याकुरी अथवा पवन खतिवडा, भटभटे माइला नामले चिनिने बेगम नेपाली, युट्युबर अलिश राई, युट्युबर जलन घर्तीमगर, जिडी अथवा गणेश देवकोटा र ढेडो बुढो अर्थात् सरोज घिमिरे रहेका छन्।

## प्रचण्डले...

प्रतिबद्धतामा उल्लेख गरिएको छ। यसबाहेक आन्तरिक र बाह्य लगानीमैत्री वातावरण निर्माण गरी देशलाई औद्योगीकरण गर्ने, वैदेशिक रोजगारीबाट पुँजी र प्रविधिसहित फर्केका नेपालीहरूलाई देशभित्र रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहित गर्ने र उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने मस्यौदामा उल्लेख छ।

१५ बुँदे प्रतिबद्धतामा गरिबी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रहरूमा लगानी बढाउन तीनवटै तहको सरकारहरूलाई क्रियाशील बनाउने विषयसमेत उल्लेख छ।

यसबाहेक वैज्ञानिक भू-उपयोग नीति लागू गर्दै कृषिक्रान्तिको माध्यमबाट कृषिको औद्योगीकरण, व्यवसायीकरण र आधुनिकीकरण गरी कृषिमानिर्भर श्रमजीवी जनताको जीवनस्तर सुधार, समृद्ध र समुन्नत बनाउने, ऊर्जा, जलश्रोत, बन,उद्योग, वाणिज्य,पर्यटन, सूचना प्रविधि,भौतिक पूर्वाधार, यातायातलगायतको क्षेत्रलाई आर्थिक समृद्धिको संवाहकको रूपमा विकास गर्ने प्रतिबद्धतामा उल्लेख छ।

शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रहरूको रूपान्तरणका लागि राज्यले प्राथमिकता दिने, शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रभावकारी बनाउने तथा आधारभूत स्वास्थ्य सेवा निःशुल्क बनाउने प्रतिबद्धता जनाइएको छ।

नेकपाएकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले देशभक्त, वाम, लोकतान्त्रिक र समाजवादी शक्तिहरूलाई एकताबद्ध गर्न समाजवादी मोर्चा बनाउन लागिएको बताएका छन्।

आइतबार बानेश्वरस्थित संघीय संसद् भवनमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै अध्यक्ष नेपालले देशभक्त, वाम, लोकतान्त्रिक र समाजवादी शक्तिहरूलाई मिलाएर समाजवादी मोर्चा बनाइने बताएका हुन्। उनले सो मोर्चा वैचारिक हुने पनि बताए। उनले निश्चित विचार र सिद्धान्तका लागि एकताबद्ध हुनु स्वाभाविक भएको बताए। उनले समाजवादको दिशामा अघि बढ्ने शक्तिहरू मिल्ने मान्यता रहेको भन्दै सहमत भएका पक्षहरूलाई समेट्दै जाने बताए।

नेकपा(माओवादी केन्द्र)का सांसद लेखनाथ दाहालले प्राप्त राजनीतिक परिवर्तनलाई स्वीकार गर्दै संविधानको रक्षा र सफल कार्यान्वयन गर्ने सामूहिक प्रतिबद्धता भएका राजनीतिक दलहरूका बीचमा मोर्चा बन्न लागेको बताए। देशमा विकास, समृद्धि र सुशासन स्थापनाका लागि मोर्चा आवश्यक रहेको उनले बताए। उनले सत्ता साझेदार दलहरूका बीचमा कुनै खटपट भएर मोर्चा बनाउन नलागेको स्पष्ट पारे।

## आलोपालो...

प्रतिनिधिहरू राखिनेछ। सहमति-पत्रमा सहमति जनाएर हस्ताक्षर गर्ने दलहरू मोर्चाको सदस्य हुनेछन्। मोर्चा निर्माण भइसके पछिको अवस्थामा समितिले निर्णय गरी अन्य समाजवादी तथा प्रगतिशील दलहरूलाई पनि यसमा समावेश गर्न सक्ने सहमति पत्रको मस्यौदामा उल्लेख छ।

## विभागद्वारा...

बाधा अड्काउ आदेश जारी गर्ने विश्वास व्यक्त गरेका छन्। उनले यस विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग सकारात्मक छलफल भएकाले व्यवसायीले इजाजतपत्र नवीकरण हुने विषयमा शंका गर्नुपर्ने कुनै अवस्था नरहेको टिप्पणी गरेका छन्।

तर कतिपयले अघिल्ला तीन वर्षको तुलनामा चालु आर्थिक वर्षमा वैदेशिक रोजगार व्यवसायीले ठूलो संख्यामा कामदार पठाएको र सोही अनुसार रेमिट्यान्स भित्रिएको कारणले सय संख्या नपुऱ्याउनेको इजाजतपत्र नवीकरण गर्न बाधा अड्काउ आदेश जारी गर्न आवश्यक नरहेको बताउने गरेका छन्।

अध्यक्ष भण्डारीले सरकारले नीतिगतरूपमा नै संख्या सयको प्रावधान हटाउने निर्णय गरेर विधेयकमा नै समावेश गरेको अवस्थामा नवीकरण नहुने भन्नेमा प्रश्न बाँकी नरहेको दाबी गरेका छन्।

**भुलसुधार**

यस मेनपावर कार्यालयको मिति २०८०/०३/०१ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कर्मचारी हटाईएको सूचनामा **Receptionist** पदको कर्मचारीको नाम **Rojina Lama** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

EMINENCE Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 01-4110036, 4110040, 9851164164, 9849964370
9803193977.Email: info@eminencenepal.com
Web: ww.eminencenepal.com

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/०४**

**सत्येश्वर निर्माण सेवा कम्पनी प्रा.लि.** को मिति २०८०/०२/०८ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सत्यश्वर निर्माण सेवा कम्पनी प्रा.लि. (प्रा.लि. नं.: ६९७८५)** कायम गर्ने गरी मिति २०८०/०२/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०५/२८ मा दर्ता भएको **प्रा.लि. नं. ७६०१२** को **प्रवेश केवल टि.भि. प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिक्लाजुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रवि, पाँचथर**
**कोशी प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०३/०४**

यस मिक्लाजुङ गाउँपालिकाको लागि सिलबन्दी दरभाउपत्रद्वारा झोलुङ्गे पुल निर्माणको लागि फलामे सामग्री फ्याब्रिकेशन ग्याल्भनाईज्ड सहित खरिद गर्नुपर्ने भएकोले ईच्छुक व्यवसायीहरुद्वारा दरभाउपत्र दरखास्त फाराम खरिदको लागि आन्तरिक राजश्व खाता नं. ग १.१ ०६२५१०१३९५९२५११२ र दरभाउपत्र जमानत नगद धरौटीको लागि खाता नं.: ग १.३ ०६२५१०१३९५९२५०६६ मा जम्मा गरी दरभाउपत्र फाराम खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचनाको विस्तृत विवरण कार्यालयको website: www.miklajungmunpanchthar.gov.np, PPMO को website: www.bolpatra.gov.np/egp मा र कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | कामको बिवरण | लागत अनुमान (कन्टेन्जेन्सी बाहेक) र मु.अ. कर सहित | दरभाउपत्र दरखास्त फाराम रकम रु. (Bid fee) | धरौटी रकम रु (Bid security) |
|---|---|---|---|---|
| MRM/SQ /GOODS -09/079/080 | Palapa/Khandrong, Yakse /Narkate र Hangsari/ Thamthum झोलुङ्गे पुलहरु | रु. ५३,६१,२२३।१८ अक्षेरुपीः त्रिपन्न लाख एकसट्ठी हजार दुई सय तेईस रुपैया अठार पैसा मात्र। | ३,०००।०० तिन हजार मात्र | १,४०,०००/- एक लाख चालिस हजार मात्र |

१. **दरभाउपत्र खरिद गर्ने अन्तिम मितिः** प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र गरिसक्नुपर्नेछ।
२. **सिलबन्दी दरभाउपत्र पेशगर्ने अन्तिम मिति, समय र स्थान** : प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० भित्र गाँउ कार्यपालिकाको कार्यालय, रबि, पाँचथर।
३. **सिलबन्दी दरभाउपत्र खोल्ने समय र स्थान** : सोही दिनको १३:०० बजे गाँउकार्यपालिकाको कार्यालय, रबि, पाँचथर।
४. दरभाउपत्रदाताहरुले पेशगरेको फर्मबाट हाल चालु सहित पाँच वटा भन्दा बढी फ्याब्रिकेशन कार्यको सम्झौता नगरेको लिखित प्रमाणहरु अनिवार्य रुपले पेशगर्नुपर्नेछ वा PPMO द्वारा जारी संसोधन नियमानुसार दरभाउपत्र पेश गर्नु पर्नेछ। अन्यथा दरभाउपत्र रद्द हुन गएमा कार्यालय जिम्मेवार हुने छैन।
५. **दरभाउपत्रदाताहरु वा ब्यवसायीहरुको न्युनतम कार्याअनुभव** : एउटा Steel Truss Motorable road Bridge वा एउटा Steel Girder Motorable Road Bridge वा पाँचवटा Trail Bridge को Fabrication सम्बन्धी कार्याअनुभव पेश गर्नु पर्नेछ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**गौशाला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गौशाला, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०३/०४)**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (११) र (६४), गौशाला नगरपालिकाको आर्थिक ऐन २०७९ र गौशाला नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७६ बमोजिम तपशिलमा उल्लिखित बजार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम | बोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १ | GAU/NCB/ INCOME/ 14-2079/080 | गोरु, खसी र खुद्रा बजार गौशाला-५ को आय संकलन ठेक्का बन्दोबस्त | १,४०,००,०००।०० | २०८०/०४/०३, दिउसो १२:०० भित्र | २०८०/०४/०३, दिउँसो ०२:०० | कुल कबोल अंकको ५ % हुन आउने रकम | ३०००।०० |
| २ | GAU/NCB/ INCOME/ 15-2079/080 | कान्ति बजार गौशाला-१२ को आय संकलन ठेक्का बन्दोबस्त | १,६१,०००।०० | २०८०/०४/०३, दिउसो १२:०० भित्र | २०८०/०४/०३, दिउँसो ०२:०० | कुल कबोल अंकको ५ % हुन आउने रकम | १०००।०० |
| ३ | GAU/NCB/ INCOME/ 16-2079/080 | विशाल बजार गौशाला-०१ को आय संकलन ठेक्का बन्दोबस्त | १,०३,०००।०० | २०८०/०४/०३, दिउसो १२:०० भित्र | २०८०/०४/०३, दिउँसो ०२:०० | कुल कबोल अंकको ५ % हुन आउने रकम | १०००।०० |

थप जानकारीको लागि गौशाला नगरपालिकाको कार्यालय वा https:\\www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

*"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"*
**हल्दीबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जलथल, कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :- २०८०/०३/०४**

यस गाउँपालिका अन्तर्गत तपसिल निर्माण कार्यका लागि मिति २०८०/०२/१८ मा प्रकाशित बोलपत्र/ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटी कबोल गरेको रकम रु (मु अ कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/WORKS /ROADS/SQ /16-079/80 | Constrution Of Sub-base Road at Sahid Khakda Moktan Tanka Neupane Roadway | Bishal And Bivek Nirman Sewa | 8,69,727.17 |

**खजुरा गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**खजुरा बजार, बाँके**
**लुम्बिनी प्रदेश सरकार, नेपाल**

**ठेक्का स्वीकति गर्ने आशयको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०३/०३**

यस गाँउपालिकाको मिति २०६०/०२/१४ गते आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार सिलबन्दी दरभाउ पत्र आह्वान भइ तोकिएको म्याद भित्र बोलपत्र प्रस्तावमा दर्ता गर्ने निर्माण कम्पनिहरुबाट मिति २०८०/०२/२९ मा प्रस्ताव खोली मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

| क्र. स. | ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस. समेत कबोल अंक रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | KRM/NCB/WORKS/ 32/2079-80 | श्री विश्वकर्मा निर्माण सेवा खजुरा २, बाँके | वडा नं. ३ नागरिक आरोग्य केन्द्र निर्माण थप कार्य | रु. ६८३९२६.७४ | |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# शिक्षक अभाव हुँदा पठनपाठनमा समस्या




**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३ असार

विगत ११ वर्षदेखि माध्यमिक तहका शिक्षक नहुँदा निम्नमाध्यमिक शिक्षकको भरमा विद्यालय चल्दै आएको छ । हुम्लाको सिमकोट गाउँपालिका वडा ७ मा रहेको कैलाश माध्यमिक विद्यालयमा ११ वर्षसम्म पनि माध्यमिक तहका शिक्षक नहुँदा जेनतेन विद्यालयमा निम्नमाध्यमिक तहका शिक्षकले चलाउँदै आएका विद्यालयका प्रधानाध्यापक मेज बुढाले बताए ।

प्रधानाध्यापक बुढाका अनुसार कैलाश माध्यमिक विद्यालयमा कक्षा एक देखि दश सम्म पढाइ हुने भएपनि माध्यमिक तहका शिक्षक नहुँदा पढाइनै राम्रोसँग सञ्चालन हुन सकेको छैन ।

माध्यमिक तहमा ५ जना शिक्षकको दरबन्दी रहेपछि २ जनामात्र शिक्षक रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मन्दिर सिंहले बताए ।

अध्यक्ष सिंहका अनुसार माध्यमिक तहमा गणित र विज्ञान एक जना गाउँपालिकाको अनुदानको शिक्षकले पढाउँदै आएका छन् भने अंग्रेजी विषय पनि अनुदानकै शिक्षकले चलाउँदै आएका छन् ।

अरु माध्यमिक तहको विषय निम्नमाध्यमिक तहका शिक्षकले लामो समयदेखि पढाउँदै आएका छन् ।

माध्यमिक तहमा मात्र नभएर निम्नमाध्यमिक तहमा पनि शिक्षकको अभाव छ ।

प्राथमिक तहमा पनि शिक्षक अभाव नै छ। माध्यमिक तहका शिक्षक नहुँदा विद्यालयमा विद्यार्थीको संख्या पनि घट्दो क्रममा छ । हुम्लाका अधिकांश विद्यालयमा शिक्षक अभाव हुँदै आएको छ ।

# जिल्ला प्रशासन कार्यालय डोल्पाबाट ७७ जनाले लिए राहदानी

**पुर्ण सार्की/मध्यान्ह**
डोल्पा, ३ असार



जिल्ला प्रशासन कार्यालय डोल्पाले राहदानी वितरण गर्न शुरु गरेसँगै हालसम्म जिल्लाबाट ७७ जनाले राहदानी लिएका छन् । २०७९ साल माघ १० गतेदेखि जिल्लामा पहिलो पटक राहदानी फारम भर्न शुरु गरिएकोमा हालसम्म १ सय ७६ जनाले राहदानी लिन फारम भरेको जिल्ला प्रशासन कार्यालय डोल्पाले बताएको छ। फारम भरेका १ सय ७६ मध्ये १ सय ४० जनाको राहदानी जिल्ला प्रशासन कार्यालयमा आइसकेको छ। जसमध्ये ७७ जनाले राहदानी पाइसकेका छन् भने बाँकी ६३ जनाको राहदानी प्रशासन कार्यालयमै रहेको छ ।

जिल्ला प्रशासन कार्यालयले राहादानीका लागि जिल्लादेखि राजधानी जान/आउन समस्या हुने भएकाले जिल्लाबाटै राहदानी लिने व्यवस्था मिलाएको थियो ।

जिल्लाबाटै राहदानी लिँदा समयसँगै पैसाको पनि बचत हुने र सहज हुने भएकाले प्रशासन कार्यालयले जिल्लाबाटै राहदानी लिन सबैलाई अनुरोधसमेत गरेको छ ।

## Galyang Municipality
## Office of The Municipal Executive
**Galyang, Syangja**

**Invitation for Sealed Quotation**

**Second date of Publication: 2023/06/19 ( 2080/03/04)**

1.Galyang Municipality invites electronic bids from eligible bidders for following procurement of goods through Sealed Quotation.

| S.N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bid Document NRs |
|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/ SQ/GOODS/ 21/2079/080 | Supplying of Control Pannel Boards Under Galyang Drinking Water Project for Galyang Municipality | 27,000 | 2023/07/03 12.00 Hours | 2023/07/03 14.00 Hours | 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bid Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# मुसिकोटमा कानको निःशुल्क शल्यक्रिया शिविर




**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३ असार

रुकुम पश्चिमको मुसिकोट सल्लेमा १७ वर्षपछि कानको निःशुल्क शल्यक्रिया शिविर गरिएको छ । मुसिकोट नगरपालिका -१ सल्लेमा ६ दिनसम्म चलेको कानको निःशुल्क शल्यक्रिया शिविरमा ५३ जनाको शल्यक्रिया गरिएको छ ।

नेपाल नेत्रज्योती संघ जिल्ला शाखा रुकुमपश्चिम तथा आँखा उपचार केन्द्रको आयोजनामा भएको शिविरमा कानको जाली फुटेकाहरुको शल्यक्रिया गरिएको आँखा उपचार केन्द्र सल्लेका प्रमुख धनबहादुर केसीले बताए ।

शल्यक्रिया शिविरलाई लक्षित गरेर यसअघि जिल्लाका विभिन्न स्थानीय तहमा कान स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । सोही शिविरबाट पहिचान गरी शल्नयक्रिया शिविर सञ्चालन गरिएको केसीले बताए ।

६ दिनसम्म चलेको शिविरमा ५३ जनाको कानको शल्यक्रिया गरिएको छ भने कान सुख्खा नभएका बाँकी ८९ जनालाई नेपालगञ्ज रिफर गरिएको केसीले जानकारी दिए ।

शिविरमा नाक कान घाँटी रोग विशेषज्ञ डा. रवि स्वार र डा. शिव रेग्मीसहित १७ जनाको स्वास्थ्यकर्मीको टोली खटिएको थियो ।

नेपाल नेत्रज्योती संघ, एकीकृत आँखा तथा कान स्वास्थ्य कार्यक्रम कर्णाली प्रदेश सुर्खेतको आर्थिक सहयोग, बि.एन. (ब्रिटेन नेपाल) सामुदायिक कान उपचार सेवा, सिद्धार्थ अस्पताल नेपालगञ्ज बाँकेको प्राविधिक सहयोग, मुसिकोट नगरपालिका र स्वास्थ्य सेवा कार्यालयको समन्वयमा शिविर सञ्चालन गरिएको हो ।

## सिरहा डायरी
**मनु यादव/मध्यान्ह**

# हुलाकी सडकखण्डमा दुर्घटना बढ्यो



सिरहा जिल्लामा पर्ने हुलाकी सडकखण्डमा पछिल्लो समय दुर्घटना हुने क्रम बढेको छ । सडक फराकिलो पारिएपनि चालकले तीव्र गतिमा सवारी चलाउँदा अनियन्त्रित भइ सडक दुर्घटना हुने थालेको हो ।

हुलाकी सडकमा मोटरसाइकल लगायत अन्य चार पांग्रे सवारी चालकले सडक खाली देखेपछि अनावश्यक तीव्र गतिमा गाडी चलाउँदा दुर्घटना हुने गरेको छ ।

हुलाकी सडकमा सवारी दुर्घटनामा ज्यान गुमाउने र अंगभंग हुनेको संख्या बढेको छ। दुर्घटना न्यूनीकरण नहुँदा स्थानीयबासी चिन्तित बनेका छन्। सिरहा जिल्लामा पर्ने नगरपालिका गाउँपालिकाहरूमध्ये भगवानपुर, नवराजपुर, बरियारपट्टी, औरही, अर्नमा, सिरहा लगायत स्थानीय निकायकहरुलाई यथाशिघ्र सडक दुर्घटनामा रोक्न र सडकको फुटपात, चोकमा ट्राफिक चेक पोस्ट र सीसीटीभी क्यामराको व्यवस्थापन गर्न आग्रह समेत गरिएको छ। सिरहा जिल्लाका स्थानीयवासीहरूले दुर्घटना न्यूनीकरणका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

# विद्यालय भवन शिलान्यास



सिरहाको नवराजपुर गाउँपालिका वडा नं. ५ मेन्हा गाउँस्थित विद्यालय भवनको शिलान्यास गरिएको छ । नवराजपुर गाउँपालिका अध्यक्ष शिव उदगार यादव, उपाध्यक्ष पुनम कुमारी यादव र वडा नं ५ का वडा अध्यक्ष जय प्रकाश यादवले संयुक्त रुपमा विद्यालय भवनको शिलान्यास गरिएको हो । राष्ट्रिपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयको २ कोठे भवन शिलान्यास गरिएको हो । लामो समयको प्रतीक्षापछि वडामा विद्यालय भवन निर्माणको शिलान्यास भएपछि स्थानीय खुसी भएका छन् । कुल २५ लाख ६५ हजार ४ सय ४ रुपैयाँको लागतमा भवन निर्माण गर्न लागिएको हो ।

## Triyuga Municipality
## Office of the Municipal Executive
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

**Invitation for Online Bids**

**Date of Publication: 19 June 2023 (2080/03/04)**

Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur, Koshi Province invites bids from eligible bidders for following works:

| S.N. | Contract Identification Number | Description of work | Bid Validity Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bidding Process |
|---|---|---|---|---|---|---|
| 1 | *TM-UDA-NCB WORKS- 60/ 2079- 080* | Madan Bhandari Rajmarga Triyuga Re-hab Center hudai APF Nepal, triyuga gad raatmaate sadak marmat Tri.Na.Pa.-9 | 90 days | 1,33,000.00 | 3000 | NCB |
| 2 | *TM-UDA-NCB WORKS- 61/ 2079- 080* | Triyuga Janata Bahumukhi Campus Gate Sadakbata Tinkune Chowk hudai wada karyalaya-Lekhi Tole-Milan chowk samma sadak marmat Tri.Na.Pa.-3 | 90 days | 1,32,000.00 | 3000 | NCB |

1. Purchase, Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 19 July 2023 (2080/03/04) | 12:00 Hours | 19 July 2023 (2080/03/04) | 13:00 Hours |

2. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Triyuga Municipality Gaighat, Udayapur | Rastriya BanijyaBank Ltd. | Gaighat, Udayapur | GA-1-1 2090100301010004 | Aantarik Rajaswa Khata |
| | | | GA-3 2090100303000004 | Dharauti Khata |

3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last dateof bid submission.
4. Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur reserves the right to accept or reject, fully or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other procurement process is remains as per rules of PPA and PPR

**Chief Administration Officer**
**Office of the Municipal Executive**



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## सम्पादकीय

### नछोपिएको लज्जा

आइतबार बिहान राजधानी उपत्यकास्थित तरकारी बजार कालीमाटी परिसरमै किसानहरूले गोलभेडा सडकमा पोखेका छन् । यसअघि चितवन, रूपन्देही लगायतका जिल्लाहरूमा किसानले उत्पादित तरकारी सडकमा फाल्ने गरेको दृष्य देखिन्थ्यो । तर आइतबार बिहान कालीमाटी बजारको प्रवेश गेट र भित्रि सडकमै किसानले गोलभेडा फ्याँकेका थिए । सम्बन्धित अधिकारीहरूका अनुसार, काठमाडौंमा गोलभेडा सडकमा फाल्दा त्यसको असर पोखरामा परेको थियो । काठमाडौंमा रू.२०० प्रति क्रेट बिक्री नभएर किसानले गोलभेडा फाल्दा पोखरामा रू.१००० प्रति क्रेट तानातान भएको थियो । किसानले सडकमा गोलभेडा फाल्नु, राजधानीमा कम मूल्यमा पनि गोलभेडा बिक्री नहुनु र पोखरामा अभाव देखिनुको पछाडि ब्यापार चक्र बिग्रनु थियो । किसानले गोलभेडा फ्याक्नुमा उनीहरूको आक्रोश थियो । बिक्री नभएको भनेर पाँच हजार क्रेट गोलभेडा पोखेको दाबी गरिएको छ ।

सडकमा पोखिएको गोलभेडा राजधानी वरपरका रामकोट, चन्द्रागिरी, थानकोट, नागार्जुन लगायतमा उत्पादन भएको हो । यी क्षेत्रमा यसपटक धेरै गोलभेडा फलेको छ । खडेरीका कारणले यी क्षेत्रहरूमा किसानले धेरै गोलभेडा उत्पादन गरे । तर त्यसको बिक्री चक्र सन्तुलन हुन सकेन । गोलभेडा धेरै फलेपछि कालीमाटी तरकारी बजार विकास समितिले पनि स्थानीय गोलभेडाको मूल्य असाध्यै न्यून तोकेको थियो । किसानलाई जम्मा किलोको रू.४५ दिइनेगरी मूल्य तोकिएको थियो । यसको असर किसानलाई पर्ने थियो । असाध्यै न्यून मूल्य तोकिएको गोलभेडा समेत बिक्री नभएपछि त्यसको आक्रोश स्वभाविक पनि हो ।

किनकि उत्पादन घट्दाखेरी सरकारले किसानलाई कुनै राहत दिने व्यवस्था छैन । तर उत्पादन बढ्दाखेरी मार किसानमाथि नै पर्नेगरी मूल्य निर्धारण गरियो, जसको आक्रोशमा किसानहरूले गोलभेडा सडकमा पोखे । यसअघि राजधानी बाहिरका जिल्लाहरूमा पनि यस्तै प्रवृत्ति देखिएको थियो । किसानले उत्पादन गरेको तरकारीले बजार नपाउने, मूल्य नपाउने र हुने क्षतिको राहत समेत नपाउने हुँदा किसानहरूले खेतमा जोत्ने, सडकमा ल्याएर पोख्ने जस्ता गतिविधि गर्थे । जबकी राजधानी उपत्यका सहित देशभरका शहरहरूमा अहिले पनि छिमेकी मुलुक भारतबाट ठूलो मात्रामा तरकारी आयात हुने गर्छ । दैनिक उपभोग्य तरकारी समेत आयात हुँदा त्यसले ब्यापार सन्तुलन नै नकारात्मक बन्दै आएको छ । तर स्थानीय उत्पादन सडकमा पोख्ने दृष्य अझै रोकिएको छैन । यसले सरकार र नेतृत्वसँग दीर्घकालीन योजना र कार्यक्रम नभएकै पुष्टि हुन्छ । यो मुलुककै निम्ति पनि लज्जाको विषय हो ।

# दृष्टिकोणबिनाको योजना तर्जुमा

संघीयतासँगै तीनै तहमा योजनाहरु बनिरहेका छन् । तर, ती योजनाहरुको गुणस्तर र प्रभावकारीताबारे स्वतन्त्र तवरमा बिरलै समीक्षा हुने गरेको छ । एकातिर योजना नै सही किसिमले बनिरहेका छैनन् भने अर्कोतर्फ बजेट र कार्यक्रमहरु बनेका योजनाअनुरूप नभएर हचुवा र प्रभावका आधारमा तय गरिने परम्परा बसेको छ ।

अग्रलेख



● डा ठाकुरप्रसाद भट्ट

दशकौंदेखि विकास हाम्रो पहिलो प्राथमिकतामा रहेको छ । यसैका लागि विकासको प्रारम्भदेखि नै योजनाबद्ध विकासको अभ्यासमा छौं । खासमा योजना प्रणालीको उद्देश्य नै विकासमा रूपान्तरण ल्याउनु हो । तथापि योजना तर्जुमासम्बन्धी सही बुझाई र अभ्यासको अभावमा हाम्रो योजना तर्जुमा कमजोर हुँदा विकासको प्रयास प्रभावकारी बन्न सकिरहेको छैन । यति हुँदाहुँदै पनि यो विषयमा गम्भीररूपमा बहस भइरहेको छैन । पञ्चवर्षीय योजनाहरु कर्मकाण्डी प्रतीत भइरहेका छन् भने योजना आयोगहरु दक्ष र योग्यभन्दा पनि पहुँचवाला र बफादारहरुलाई जागिर खुवाउने संस्थाहरु बनेका छन् ।

संघीयता लागू भएपछि त यो प्रवृति प्रदेशस्तरमा फैलिरहेको छ । यसैबीच सरकारले आफ्नो नीति तथा कार्यक्रममा राष्ट्रिय योजना आयोगलाई पुनर्संरचना गर्ने भनेको छ, जुन स्वागतयोग्य छ । सँगसँगै स्पष्ट हुनुपर्ने कुरो के छ भने योजना आयोगको मात्र पुनर्संरचनाले योजना तर्जुमा प्रणालीमा सुधार गर्न सम्भव छैन । यसका लागि सर्वप्रथम योजना तर्जुमा के हो र कसरी गर्ने भन्ने बारेमा सही सोच तथा बुझाईको आवश्यकता छ भने यस्को लागि चाहिने जनशक्तिको व्यवस्था गर्न जरुरी छ ।

यस सम्बन्धमा मूल सवाल योजना तर्जुमा बारेको दृष्टिकोणको हो । योजना प्रणालीको आवश्यकताको बारेमा त त्यति विवाद देखिँदैन किनकी सबै खाले विकास नीति र अर्थतन्त्र अङ्गिकार गरेका मुलुकहरु र संस्थाहरुले कुनै न कुनै किसिमको योजना प्रणाली अबलम्बन गर्दै आएका छन् । समाजवादको उदयको सुरुमा योजना प्रणाली साम्यवादीले मात्र अपनाउने बुझाई रहेपनि अर्थतन्त्रमा राज्यको नियमन र निर्देशन एक हदसम्म जरुरी रहेको स्विकारोक्तिसँगै यो विषय सबैखाले राजनीतिक प्रणालीका लागि आवश्यक ठानिएको छ ।

योजना प्रणालीको आवश्यकतालाई सबैले अङ्गीकार गरेपनि यसबारेको दृष्टिकोण र अभ्यासमा विभिन्नता पाइन्छ । कसैले 'माथिबाट तल' र कसैले 'तलबाट माथि' जाने योजना तर्जुमाको विधिलाई अपनाइरहेका छन् । यी दुई विधिले नै योजना प्रणालीको विशेषता निर्माण गर्छन् । पहिलो विधिमा बाहिरबाट निर्देशन दिने किसिमको शैलीगत विशेषता रहेको हुन्छ भने दोस्रो विधिमा समुदायभित्रकै अनुभव, आवश्यकता र ज्ञानको स्थान रहने विशेषता रहेको हुन्छ । 'माथिबाट तल'को विधिले विशेषज्ञको भूमिकालाई स्थान दिन्छ भने 'तलबाट माथि'को विधिले स्थानीय जनताको भूमिकालाई निर्णायक मान्दछ ।

त्यसैले योजना प्रणालीको दार्शनिक पक्षबारेको बुझाईमा स्पष्ट हुन जरुरी छ । हामी कहाँ अझै पनि बाहिरको देखासिकी गर्ने सोच प्रवृति नै हाबी छ । यस्को अर्थ हाम्रो आफ्नै दृष्टिकोणको अभाव छ । यसको अर्थ बाहिर वा अन्यत्रबाट सिक्नु हुन्न भन्ने होइन । तर हाम्रो आफ्नो परिवेशको ख्यालै नगरी सिङ्गापुर वा स्विट्जरल्याण्ड जस्तो बनाउने कुरा गर्ने वा आन्तरिक सुधारको योजना अघि नसारी केवल चीन वा भारतको जस्तो उच्च आर्थिक वृद्धिको रटान लागउनु भनेको आफ्नो मौलिक सोच- दृष्टिकोणको अभाव हो । यही बुझाई र प्रवृति योजना प्रणालीको बारेमा पनि पाइन्छ । इमान्दारीपूर्वक भन्नु पर्दा डा. हर्क गुरुङ्ग मात्र यस्ता बिद्वान थिए, जसले नेपलाको भौगोलिक र आर्थिक अवस्था बुझेर योजना प्रणालीमा क्षेत्रीय विकासको विषय उठान गरेका थिए । त्यसपछि हामी कहाँ फेरि बाहिरकै हावा लाग्यो र उदारवादको घोडा बेलगाम चढने काम भयो । तर यस्ले पारेको कुप्रभावका कारण यतिखेर हामी समाजवादको कुरा त गरेका छौं तर त्यसअनुरूपको विकास र योजना प्रणालीको बारेमा कुनै काम गर्न सकिरहेका छैनौं ।

संघीयतासँगै तीनै तहमा योजनाहरु बनिरहेका छन् । तर ती योजनाहरुको गुणस्तर र प्रभावकारीताबारे स्वतन्त्र तवरमा बिरलै समीक्षा हुने गरेको छ । एकातिर योजना नै सही किसिमले बनिरहेका छैनन् भने




*यतिखेर समाजको आवश्यकता र चाहनाले विकासलाई न्यायपूर्ण र प्रभावकारी बनाउन जबर्जस्त दबाब सिर्जना गरिरहेको छ । यही तथ्यलाई आत्मसात गरी योजना तर्जुमाको सही दृष्टिकोणसँगै व्यावसायिक क्षमताको विकास गर्न जरुरी छ । यसका लागि कर्मचारी तन्त्र र राजनीतिक वृत्तले योजनाविद्को आवश्यकता र भूमिकालाई आत्मसात गर्ने वातावरण सिर्जना गर्न जरुरी छ ।*

अर्कोतर्फ बजेट र कार्यक्रमहरु बनेका योजनाअनुरूप नभएर हचुवा र प्रभावका आधारमा तय गरिने परम्परा बसेको छ । योजना आयोगहरु र सुविधा सम्पन्न मन्त्रालयहरु भए पनि योजना तर्जुमाको किन यस्तो हालत छ ? हामी सिद्धान्तत लोकतन्त्र र जनताको सहभागिताको कुरा गर्छौं र विकासमा पनि जनताको सहभागिताको दुहाई दिने गर्छौं । तर जनताको सहभागिताका लागि सबैभन्दा उपयुक्त विधि योजना तर्जुमाको प्रक्रियामा उनीहरुलाई सहभागी गराइँदैन । यसका लागि माथि भनिए जस्तै सही दृष्टिकोणको अभाव रहेको छ भने अर्को पक्ष योजना तर्जुमाको लागि अति जरुरी व्यावसायिक क्षमताको अभाव हो ।

खासगरी व्यावसायिक क्षमताको अभाव हुनुमा योजना तर्जुमा गर्ने निकायहरुमा यो विषयमा तालिम प्राप्त कर्मचारीको व्यवस्था नै छैन । सहभागीमूलक योजना तर्जुमा एउटा विशिष्टकृत क्षेत्र हो । तर हामीकहाँ जुनसुकै विषयको र योजनासम्बन्धी तालिम नपाएका कर्मचारीलाई पनि योजना आयोगहरुमा खटाउने गरिएको छ । यही यथार्थतालाई १५औं योजनाले 'आर्थिक योजना समूह' क्रियाशील नहुनुलाई योजना तर्जुमा तथा कार्यान्वयनको एक प्रमुख समस्याको रूपमा औंल्याएको छ । योजनाविद् पिताम्वर शर्माले आफ्नो एक लेखमा "नीति निर्माणमा सल्लाह दिन जुन व्यावसायिक विज्ञता, दक्षता र अनुभव चाहिने हो त्यसलाई हुर्काउने पद्दति स्थापित" हुन नसकेको भनेर संस्थागत क्षमता र स्मृतिको अभाव औंल्याएका छन् ।

क्षमताको दृष्टिकोणबाट हेर्दा, सबै तहमा दक्ष जनशक्तिको अभाव देखिएको छ । यो पूरा गर्न निजामती ऐनमा योजना समूहको व्यवस्थादेखि लोकसेवाका पाठ्यक्रमहरु र सेवाकालीन तालिममा योजना प्रणाली र योजना तर्जुमाबारे आवश्यक ज्ञान र सीप प्रदान गर्न जरुरी छ । यस्ता दक्ष जनशक्तिहरु संघ र प्रदेशका योजनासम्बन्धी आयोगहरु र सबै मन्त्रालहरुमा राखिनु पर्दछ । स्थानीय स्तरबाट योजना तर्जुमाको प्रक्रिया उठ्ने हुनाले र यहाँ नै जनताको प्रत्यक्ष सहभागिता हुनाले स्थानीय पालिकाहरुमा यस्तो जनशक्तिको महत्व झन बढी रहन्छ । तर अहिले प्रदेश, स्थानीय तहहरुमा जति योजना बनेका छन् तिनमा न त जनताको सार्थक सहभागिता छ न त योजनाविद्को भूमिका रहेको छ । सपिङ्ग लिष्ट जस्तो आयोजनाहरुको सूची राखेर योजना बनाउने प्रचलन छ । योजनाको उद्देश्य, प्राथमिकता, सिमान्तकृत समुदायको आवश्यकता जस्ता विषयहरुको कुनै ख्याल राखेको पाइँदैन । योजनाविद्हरुको संलग्नताले यस्ता समस्याहरु हल गरेर क्षेत्रगत योजनाहरुलाई एकअर्कामा विरोधाभाषपूर्ण नहुने तथा समग्र विकासको साझा उद्देश्यसँग मेल खाने गरी योजना तर्जुमा गर्ने कार्य प्रभावकारी बनाउन सकिन्छ ।

यदि हामीले हेर्‍यौं भने तीनै तहमा योजना तर्जुमाको क्षमता रहेको पाइँदैन । आर्थिक विकासका विद्वानहरुले कुनै देश वा समाज विकास नहुनुका कारणमा त्यहाँको भूगोल वा स्रोत-साधनभन्दा पनि क्षमताको स्तरलाई मूल कारक मान्ने गरेका छन् । अर्थात् दक्ष जनशक्ति र त्यस्तो जनशक्तिले सहज तबरमा काम गर्न पाउने संस्थागत पद्धतिको विकास महत्वपूर्ण रहन्छ । हाम्रो सन्दर्भमा प्रदेश नयाँ छ त्यसैले सबै कुरा कमजोर अवस्थामा छ भने यो विषयमा आसा राख्ने ठाउँ नै बनिसकेको छैन । आफ्नो परिवेशको गहिरो अध्ययनभन्दा पनि संघले पठाइदिएका निर्देशन पुस्तिकाहरु र परामर्शदाताको गुणस्तरहीन सेवामा प्रदेशहरुको योजना तर्जुमा निर्भर रहेको छ । चाहना त देखिन्छ तर एकातर्फ क्षमताको अभाव छ भने अर्को तर्फ लोकरिझ्याईंको रोगले प्रदेश र स्थानीय तहमा पनि ग्रस्त छन् । यसले गर्दा चुस्त र प्रभावकारी योजना होइन, सबै कुरा समेटिएको भद्धा ग्रन्थजस्ता योजना दस्तावेजहरु बन्न पुगेका छन् । विडम्बना त के छ भने प्रदेश र स्थानीयका लागि उदाहरण बन्नुपर्ने संघ नै योजना प्रणालीमा चलेको छैन ।

गहिरिएर विश्लेषण गर्ने हो भने हामीमा योजना प्रणालीबारेको सही बुझाइको अभाव टड्कारोरूपमा रहेको पाइन्छ । राजनीतिकरूपमा परिवर्तन भए पनि पुराना सोच र संस्थाहरुलाई राजनीतिक परिवर्तन र प्रविधिमा भएको विकासको उपयोग गरेर नयाँ संस्थाहरु विकास गर्नेतर्फ काम हुन सकेको छैन । राजनीतिक नेतृत्व चुनाव जित्न प्रयोग हुने पुरानै शैलीमा अभ्यस्त भएर संघीयतामा पनि उही पुरानै केन्द्रीकृत मानसिकता अङ्गीकार गर्दै राज्यको स्रोत साधनको समुचित वितरण होइन कि आफ्नै एकाधिकार कायम गर्दै दोहन गर्न उद्धत छ भने कर्मचारीतन्त्र पनि यसैको हिस्सेदार बनी फाइदा लिइरहेको छ । यसको सिधा प्रभाव योजना प्रणालीमा परिरहेको छ ।

यस्तो दुष्चक्र नतोडिकन यहाँ प्रभावकारी योजना प्रणालीको विकास हुन सम्भव छैन । यतिखेर समाजको आवश्यकता र चाहनाले विकासलाई न्यायपूर्ण र प्रभावकारी बनाउन जबर्जस्त दबाब सिर्जना गरिरहेको छ । यही तथ्यलाई आत्मसात गरी योजना तर्जुमाको सही दृष्टिकोणसँगै व्यावसायिक क्षमताको विकास गर्न जरुरी छ । यसका लागि कर्मचारी तन्त्र र राजनीतिक वृत्तले योजनाविद्को आवश्यकता र भूमिकालाई आत्मसात गर्ने वातावरण सिर्जना गर्न जरुरी छ । मूल कुरो योजना प्रणालीसम्बन्धी उपयुक्त संस्थाहरुको निर्माण गरी योजना तर्जुमालाई जनस्तरबाट माथि उठ्ने संस्थागत पद्धतिको विकासका लागि व्यापक विचार-विमर्श गर्नुपर्ने खाँचो देखिएको छ ।

***(लेखक भट्ट, विकास, योजना र सुशासनसम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न छन् ।)***

## सामाजिक सञ्जाल



**- निलाम्बर आचार्य**

अझ बढी साहस र संकल्पको खाँचो छ राज्यका निकायहरूको, सञ्चार माध्यम र सार्वजनिक अभिमतको पनि । राज्य र राजनीतिभित्र घुसेको र फैलिएको अपराधकर्मले मुलुकको विकास, निर्माण, व्यवस्थापन, छवि, जनविश्वास सबलाई जर्जर पारिरहेको छ । पलाएको आशा बढाउने काम सशक्त हुँदै जाओस् ।



**- ओमकुमार थापा**

किसानको उत्पादनले लागत उठिरहेको छैन । उपभोक्ता चरम महँगीको मारमा छन् । भारतीय तरकारीले बजार ढाकिएको छ । वास्तविक किसानले कुनै राहत पाउँदैनन् । बिचौलियाको रजगज चलेको छ । सरकारी निकाय निकम्मा सावित भएका छन् । सरकारको दह्रो उपस्थिति नहुँदाको बेथिति कहिलेसम्म चलिरहने हो ?



**- श्रीमन शर्मा**

मेयर बालेनले कुनै नयाँ काम गरिरहेका छैनन् । मात्र कानूनको कार्यान्वयन र नियमन गर्ने प्रयास गरिरहेका छन् । यति गर्दा मात्र जनतालाई परिवर्तनको आभाष हुने रहेछ । उनको काममा तगारो हालिएन भने अर्को पटक महानगरमा जितिन्न भन्ने छटपटि चाँही हेर्न लायक नै छ है ।




**- सौगात कंशकार**

ग्लोबल अर्थतन्त्रमा विश्वासको ठूलो महत्व हुन्छ र विश्वासको कमीले गोप्य एजेण्डा, दाउपेचको राजनीति, द्वन्द्व, असमझदारी र संवादमा दरार उत्पत्ति हुन जान्छ । भारत, अमेरिका र चीनसँगको सम्बन्ध राम्रो भएन भने उनीहरूलाई कम, हामीलाई बढी हानी हुन्छ । तीन 'ठूलदाई' म्यानेज गर्नैपर्छ !

## तपाईंको राशिफल

- मेष : नयाँ साथी बन्नेछन् । पारिवारिक कार्यहरुमा उन्नती हुनेछ ।
- वृष : राजनैतिक लाभ प्राप्त हुनेछ । आनन्दमा वृद्धि हुनेछ ।
- मिथुन : व्यापारिक कार्यमा प्रगति हुनेछ । शान्तिमा वृद्धि हुने योग छ ।
- कर्कट : आकस्मिक धनलाभ र विदेश यात्राको योग छ ।
- सिंह : अनावश्यक जिम्मेवारीले दुःख दिनेछ । धैर्यता राख्नुहोला ।
- कन्या : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । सबै कार्यमा धैर्य राख्नुपर्छ ।
- तुला : रुकावटपछि सफलता मिल्नेछ । शत्रु परास्त हुनेछन् ।
- वृश्चिक : स्वास्थ्य सामान्य रहनेछ । व्यापारिक कार्यमा लाभ मिल्नेछ ।
- धनु : सबै कार्यहरुमा प्रगति, साथीभाईबीच सम्बन्ध राम्रो भइरहनेछ ।
- मकर : सन्तानको कार्यमा रुकावट आउनेछ । जिम्मेवारी बढ्नेछ ।
- कुम्भ : दैनिक कार्यमा प्रगति हुनेछ । आत्मविश्वास राख्नुहोला ।
- मीन : नयाँ कार्य बन्ने, पारिवारिक उल्झन तनावमा वृद्धि हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सामाजिक सञ्जाल : उपयोगितासँगै बढ्दो जोखिम

विचार



● शम्भू कट्टेल

*आज सामाजिक सञ्जालकै प्रयोगबाट थुप्रै मानिसले रोजगार पाएका छन्, थुप्रै नयाँ कुरा सिक्न पाएका छन्, तर सँगै कतिपयले महत्वपूर्ण समय र पैसाको बर्बादी यही सञ्जालमा गरेका छन् । आर्टिफिसियल इन्टेलिजेन्स उन्मुख सामाजिक सञ्जालले सहजतासँगै थप जोखिम पनि बढाइरहेको छ । अहिले विश्वस्तरमै मानव बौद्धिकतामाथि प्रश्न उठाएको छ ।*

सामाजिक सञ्जालहरुमा बेथितिहरुको बिरोधमा चर्को बाढी देखेर होला, विकृतिले वाक्कदिक्क भएका बुद्धिजीवीहरुले 'अब जे गर्छ, सामाजिक सञ्जालले गर्छ' भनेको सुनियो । रवि लामिछानेहरुले सामाजिक सञ्जालकै उपयोग गरेर देश र विदेशमा आफ्नो भोट बैंक तयार गरे पनि भनिन्छ ! यसको भयानकता देखेर पनि होला, नेपाल सरकारले भर्खरै सामाजिक सञ्जाललाई कर लगाउने र नियमन गर्ने नीति ल्याएको ! अहिले 'आर्टिफिसियल इन्टेलिजेन्स'को पनि निकै चर्चा चलिरहेको छ । विशेषतः युवा पिँढीमा आर्टिफिसियल इन्टेलिजेन्सबारे निकै चाँसो बढेको देखिन्छ । तथापी आर्टिफिसियल इन्टेलिजेन्स सिस्टमलाई लिएर निकै प्रश्न पनि उठेका छन् । विश्वस्तरमै यसले ल्याउनसक्ने जोखिमबारे छलफल सुरु भएको छ । तथापी यसले ल्याएका सकारात्मक प्रभाव पनि थुप्रै देखिन्छ ।

